# माओवादीको एक समूहद्वारा दोलखा जिल्लाको जफे गाविसमा निःशस्त्र तीनजना सैनिकलाई अपहरण पश्चात् गरिएको हत्याको घटनाको स्थलगत अध्ययन

## प्रतिवेदन

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति
(HRTMCC)


## स्थलगत अध्ययन टोली

| | |
|---|---|
| १. लुमासिंह विश्वकर्मा | –इन्सेक केन्द्रीय कार्यालय, काठमाडौं सचिवालय HRTMCC |
| २. कैलाश कुमार सिवाकोटी | –नेपाल बार एशोसिएसन पुनरावेदन इकाइ, पाटन |
| ३. होम पाठक | –मानवअधिकार सचेतन तथा विकास केन्द्र (हुराडेक) दोलखा |
| ४.बिनिता न्यौपाने | –इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालय, काठमाडौं |
| ५. उद्धव पोखरेल | –इन्सेक वर्ष पुस्तक प्रतिनिधि, दोलखा |
| ६. देवदास श्रेष्ठ | –अन्नपूर्ण पोष्ट, दोलखा |
| ७. हेमन्त चौलागाई | –हुराडेक, दोलखा |
| ८. चिरन्जिवी मास्के | –नेपाल पत्रकार महासंघ, दोलखा |
| ९. जगदीश भुजेल | –नेपाल बार एशोसिएसन, दोलखा |

# विषय सुचि


| | पेज नं. |
|---|---|
| दोलखा जिल्लाको नक्सा | १ |
| पृष्ठभुमि | २ |
| घटना अध्ययनको उद्देश्य | २ |
| घटना अध्ययन पद्धती | २ |
| घटना अध्ययन टोली | ३ |
| घटना अध्ययन मिति | ३ |
| घटना मिति | ३ |
| घटना समय | ३ |
| घटना स्थान | ४ |
| घटनाका पीडक | ४ |
| घटनाका पीडित | ४ |
| घटना अध्ययनमा पाईएका तथ्यहरु | ४ |
| घटना विवरण | ६ |
| अध्ययन टोलीद्वारा घटनास्थलको अवलोकन | ९ |
| घटना पछि सुरक्षाफौजको उपस्थिति र व्यवहार | ११ |
| सुरक्षा फौजको भनाई | १२ |
| नागरिक समाजको भनाई | १२ |
| घटना अध्ययनका क्रममा भएका कठिनाईहरु | १३ |
| उल्लंघन भएका मानवअधिकार र मानवीय कानुनका प्रावधानहरु | १३ |

# दोलखा जिल्लाको नक्शा




20      20 किलो

## पृष्ठभूमि

विगत एक दशकदेखि नेपालमा माओवादीद्वारा सञ्चालित गतिविधिहरू दिन प्रतिदिन हिंसात्मक दिशातिर उन्मुख भइरहेका छन् । अपहरण र हत्याका घटनाहरू वृद्धि भइरहेका छन् । यसै सिलसिलामा दोलखा जिल्लाको जफे गाविस वडा नं. ७ डुडेबाट माओवादीहरूको एक समूहले निशस्त्र शाही नेपाली सेनाका तीन जनालाई मिति २०६१ साल चैत्र १३ गते अपहरण गरेकोले रिहाइको लागि आवश्यक पहल गरिदिन मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (HRTMCC) को सचिवालय इन्सेक काठमाडौंमा ईन्सेक मानवअधिकार वर्ष पुस्तक दोलखा प्रतिनिधिको जानकारी सहितको अनुरोध प्राप्त भएको थियो । सो को लागि काठमाडौंबाट चैत १४ गते HRTMCC को तर्फबाट दुई जनाको टोली चरिकोट पुग्दा तीनै जनाको हत्या भएको जानकारी प्राप्त हुन आयो । त्यसपछि स्थानीय मानवअधिकारकर्मी, पत्रकार, कानुन व्यवसायी, नागरिक समाजका प्रतिनिधिहरूसँग आवश्यक छलफल गरी इन्सेक केन्द्रीय कार्यालय काठमाडौं, इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालय, पुनरावेदन बार एसोसिएसन इकाइ पाटन ललितपुर, हुराडेक दोलखा, अन्नपूर्ण पोष्ट दोलखा, नेपाल पत्रकार महासंघ दोलखा र जिल्ला बार इकाइ दोलखा सहितको नौ सदस्यीय घटना अध्ययन टोली घटनाको सत्य तथ्य पत्ता लगाउन मिति २०६१ चैत १५ गते ९.३० बजे घटनास्थलतर्फ प्रस्थान गऱ्यो ।

## घटना अध्ययनको उद्देश्य

१. घटनाका सम्बन्धमा प्राप्त जानकारीहरूको अध्ययन गर्ने,
२. घटनाको सत्य तथ्य पत्ता लगाउन घटनास्थल पुग्ने,
३. घटनास्थलको अवलोकन गर्ने तथा विवरण लिने,
४. घटनाको यथार्थ विवरण लिने
५. घटनास्थलका प्रत्यक्षदर्शी र अन्य व्यक्तिहरूसँग आवश्यक जानकारी लिने,
६. घटनाको सत्य तथ्य पत्ता लगाउने,
७. स्थानीय नागरिक समाज, सुरक्षा निकाय, मानवअधिकारकर्मी तथा आवश्यक अन्य सम्बन्धित निकाय, संस्था एवं व्यक्तिसँग घटना सम्बन्धमा आवश्यक जानकारी लिने,
८.घटनाको सत्य तथ्य सहितको प्रतिवेदन पेश गर्ने ।

## घटना अध्ययन पद्धती

१. घटनास्थल पुग्ने,
२. घटनास्थलको अवलोकन गर्ने,
३. घटनास्थल वरपरका व्यक्ति तथा प्रत्यक्षदर्शीसँग भेटघाट गरी घटना-बारेमा विवरण लिने,
४. स्थानीय नागरिक समाज, सुरक्षा निकाय, स्थानीय प्रशासन, मानवअधिकारकर्मी तथा सम्बन्धित निकाय एवं व्यक्तिसँग घटनाका सम्बन्धमा जानकारी लिने र
५. घटना सम्बन्धमा प्राप्त तथ्यमा आधारित प्रतिवेदन तयार गर्ने ।

## घटना अध्ययन टोली

| | |
|---|---|
| १. लुमासिंह विश्वकर्मा | –इन्सेक केन्द्रीय कार्यालय, काठमाडौं सचिवालय HRTMCC |
| २. कैलाश कुमार सिवाकोटी | –नेपाल बार एशोसिएसन पुनरावेदन इकाइ, पाटन |
| ३. होम पाठक | –मानवअधिकार सचेतन तथा विकास केन्द्र (हुराडेक) दोलखा |
| ४.बिनिता न्यौपाने | –इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालय, काठमाडौं |
| ५. उद्धव पोखरेल | –इन्सेक वर्ष पुस्तक प्रतिनिधि, दोलखा |
| ६. देवदास श्रेष्ठ | –अन्नपूर्ण पोष्ट, दोलखा |
| ७. हेमन्त चौलागाई | –हुराडेक, दोलखा |
| ८. चिरन्जिवी मास्के | –नेपाल पत्रकार महासंघ, दोलखा |
| ९. जगदीश भुजेल | –नेपाल बार एशोसिएसन, दोलखा |



घटना अध्ययन टोली

**घटना अध्ययन मिति** :- २०६१ चैत १५ गते

**घटना मिति** :- २०६१ चैत १३ गते

**घटना समय** :-

क) अपहरण :- १०:१५ बजे

ख) हत्या :- १२:०० बजे

**घटना स्थान :-**

क) अपहरण गरिएको स्थान :- जफे गा.वि.स. वडा नं. ७ डुडे
ख) हत्या :- जफे गा.वि.स. वडा नं. ८
पहिलो - बाँझेको नुनथला
दोश्रो - ओखरढाँड
तेश्रो - जुकेपानीको जंगल

**घटनाका पीडक :-** ने.क.पा.(माओवादी) का तीन जना सहित ५ जनाको समुह

**घटनाका पीडित:-**

| **क्र.सं.** | **नाम** | **उमेर** | **ठेगाना** | **दर्जा** | **कार्यरत स्थान** |
|---|---|---|---|---|---|
| १ | देव बहादुर थापा | २५ वर्ष | पाल्पा जिल्ला मस्यान गा.वि.स. वडा नं. ३ | अमलदार, शाही नेपाली सेना | शेरगण गुल्म, किर्नेटार |
| २ | धन प्रसाद आचार्य | २६ वर्ष | भोजपुर जिल्ला हेलौछा गा.वि.स. वडा नं. ८ | प्यूठ ,, | ” |
| ३ | कृष्ण बहादुर खड्का | २१ वर्ष | रामेछाप जिल्ला देउराली गा.वि.स. वडा नं. ८ फलाँटे | सिपाही ,, | ” |

**घटना अध्ययनबाट पाइएका तथ्यहरू**

- शेर गण चरिकोट दोलखाका प्रमुख सेनानी कर्मेन्द्र विक्रम लिम्बुका अनुसार शाही नेपाली सेनाका अमलदार देव वहादुर थापा, प्यूठ धन प्रसाद आचार्य र सिपाही कृष्ण बहादुर खड्का दोलखा जिल्लाको शहरे गाविस वडा नं. ४ किर्नेटारमा स्थापित खिम्ती जलविद्युत केन्द्रको सुरक्षार्थ रहेको शेर गण गुल्मबाट शेर गण चरिकोट दोलखामा मिति २०६१ चैत १३ गते निःशस्त्र रुपमा खिम्ती देखि काठमाडौ जाने बसमा आउँदै थिए । प्रत्यक्षदर्शीका अनुसार बिहान १०:१५ बजे दोलखाको जफे गाविस वडा नं. ७ डुडेमा बसमा राखी लैजादै गरेका खसीहरु झार्दा उनीहरुको लुक्दै हेर्दै गर्ने शंकास्पद गतिविधिका कारण माओवादीले बोलाई झोलामा भएका छुरा, फोटोको एल्बम, स्लिपिङ व्याग र म्याट्रेस सामानहरु फेला पारे त्यस पछि कुटपिट गरी डोरीले हात बाँधी अपहरण गरिएको ।
- प्रत्यक्षदर्शीका अनुसार जफे गाविस वडा नं.७ डुडेबाट ३ जना माओवादी र २ जना उनीहरुको कारवाहीमा रहेका व्यक्तिहरुले ३ जना निःशस्त्र सादा पोशाकमा रहेका सैनिकलाई सोही गाविसको उत्तर तर्फ उकाली वडा नं.८ तिर १०:४५ बजे लगेको ।
- अपहरण गरी लगेको आधा घण्टा पछि अपहरित स्थल तर्फ १ फायर पड्काएको ।

- दिउसो १२ बजेको समयमा माओवादीहरुले तीनजनालाई हात बाँधिएकै अवस्थामा अलग अलग स्थानमा हत्या गरिएको ।
- एक जनालाई वडा नं.८ बाँझे गाउँको नुनथला टोलको उत्तर पश्चिम बाटो मै पछाडीबाट घाँटी रेटेर हत्या गरिएको ।
- अर्कोलाई गाँउदेखि ४०० मीटर उत्तर ओखर ढाँडको ठूलो ढुङ्गाको फेदमा हात बाँधिएकै अवस्थामा बसाई छातीमा छुरा र टाउकोमा ढुङ्गा प्रहार गरी हत्या गरिएको । हत्यापछि घिसार्दै १०० मीटर ओरालोमा लगी ढुङ्गाबाट खसाएको ।
- अर्को एकजनालाई ओखर ढाँडदेखि करिब १०० मीटर उत्तर जुके पानीको जंगल बीचमा रहेको सानो चौरमा लगि घाँटी रेटी, एकातर्फको आँखा र खुट्टामा छुरा प्रहार गरी हत्या गरिएको ।
- घटना भएको भोलिपल्ट अर्थात मिति २०६१ चैत १४ गते दिउँसो १२:३० बजे सुरक्षाफौज आई लासहरु उठाई लगेको ।
- लास भएको स्थलतर्फ जाँदै गरेका डेढ दुई सयको संख्यामा आएका सुरक्षाफौज मध्येका अलग अलग समुहले १९ जना सर्वसाधारणलाई कुटपिट गरेको र ती मध्ये २ जना शिक्षक र १ जना महिला रहेको पीडितहरुले बताए । साथै राजेन्द्र काफ्ले, राजु काफ्ले, सुनिल रानामगर र भक्त बहादुर सार्कीलाई सुरक्षाफौजबाट आफुहरुले जोगाएको कुरा मानवअधिकारकार्यकर्ता इन्दिरा काफ्ले र कमला काफ्लेले बताए ।

## घटना विवरण

### १. तीन जना निशस्त्र सैनिकको अपहरण

घटनाका प्रत्यक्षदर्शीका अनुसार केहि दिन अघि देखि माओवादीहरुले खसीको निर्यातमा रोक लगाएका थिए । मिति २०६१ साल चैत्र १३ गते खिम्ती देखि काठमाडौं जाँदै गरेको यात्रु बाहक बसको छतमा समेत यात्रुहरु वसेका थिए । दोलखा जिल्लाको जफे गाविस वडा नं. ७ को डुडे प्रतिक्षालयमा बस रोकियो । बस रोकिन लागेको अवस्थामा पूर्वतिरबाट बस रोक् भन्ने आवाज आयो । बसको छतमा खसी राखिएको थियो । बसमा भएका खसी झार्नलाई माओवादीले गाडी रोकेका थिए ।



अपहरण गरिएको स्थल

गाडी रोकेपछि बसको छतमा रहेका १० वटा खसी झार्दै थिए । बसको छतमा बसेको पहेंलो भेष्ट लगाएको एक जना उठेर शंकास्पद तरिकाले हेरेर लम्पसार भयो । त्यस सँगै बसेको अर्कोले पनि त्यसै गऱ्यो । त्यो देखेर १ जना माओवादी करायो । बसमा सादा पोशाकमा सैनिक छ भन्यो । उ दगुर्दै उत्तर तर्फ रहेको छाप्रो पछाडी गयो । पहेँलो भेष्ट लगाएकोलाई “ए यहाँ आइज ज्ञानेको टट्टु अमेरिकी दलाल तल झर् भन्यो” । उनीहरु बसको दक्षिणतिरबाट झरे । माओवादीले बोलाए अनुसार ३ जना मध्ये २ जना छाप्रो पछाडी गए । माओवादीले पलेटी कसेर बस्न भने । जुत्ता खोल्न लगाइ खेत माथी तिर फ्याँकी दिए । सैनिक मध्ये एक जनाले म विद्यार्थी गरिबको छोरा भन्दै थियो । माओवादीले यो सवै झूठो हो त सैनिक होस् आफ्नो सम्पूर्ण सहि कुरा बता होइन भने मार्छु भन्यो । तेरो झोला छ भनी सोधी बसबाट ल्याउन पठाइ झोला खोली हेर्दा छालाको दापमा राखीएको एकातिर धार अर्कोतिर करौती (दाँत) भएको छुरा माओवादीले फेला पारे । एउटाले यो किन ल्याएको सत्य

भन नत्र यसैले मार्छु भन्दै थियो । अर्कोले लातले हान्यो । बसमा भएको अर्को सैनिक छटपटी गरी वरपर हिडी रहेको थियो । उसलाई पनि माओवादीले यहाँ आइज् भनी बोलायो । उसले हामी तीनजना संगै आएको भन्यो । यिनीहरुको सबै सामान लिन माओवादीले भने पछि अर्को ठूलो झोला पनि ल्याउन लगाए । झोला खोली हेर्दा स्लिपिङ ब्याग, तीन वटा फोटो एल्बम र म्याट्रेस फेला पारे । ती सामान फेला पार्नासाथ माओवादी मध्येको एकले पेस्तोल देखायो र अर्कोलाई डोरी ल्याउन भन्यो । ३ जना सैनिकलाई डोरीले पछाडी हात बाँधेर उत्तर तर्फ लगेका हुन् । त्यसरी ३ जना सैनिकलाई अपहरण गरी लैजाँदा ५ जना थिए । उनीहरु मध्ये ३ जना माओवादी, २ जना माओवादी नभई माओवादीको कारवाहीमा परेका व्यक्तिहरु थिए । त्यती कार्य भैसक्दा बिहान १०:४५ बजेको समय भैसकेको थियो । उनीहरुलाई अपहरण गरी लगेको करिब आधा घण्टा पछि उत्तरतिर एक फायर पड्किएको थियो । अपहरण गरेको १ घण्टा पछि मात्र बस हिडाउने खवर आएपछि बस हिडेको हो ।

**२. अपहरण पछि हत्या**

जफे गाविस वडा नं. ८ मा भएको हत्याको घटनास्थलका प्रत्यक्षदर्शीका अनुसार मिति २०६१ साल चैत १३ गते बिहान अन्दाजी ११:३० बजेको समयमा पाँच जनाको समूहले तीन जनालाई डोरीले हात पछाडि बाँधिएको अवस्थामा दक्षिणतिरबाट ल्याए । वडा नं. ८ बाँझेको उत्तर-दक्षिणको मूल बाटो नुनथला भन्ने ठाउँमा माओवादीको दुई जनाको समूहले एकजना सैनिकलाई राखे र अरू ३ जनाले दुई जनालाई उत्तरतिरको उकालोबाट गाउँदेखि करिव ४०० मीटर उत्तर-पश्चिममा रहेको ओखरढाँढ (बोट) र जुगेपानी जंगलतर्फ लगे । बाँझेको नुनथलामा राखेको सैनिकलाई घाँटीको पछाडिबाट रेटी हत्या गरे । घाँटी छुट्टिन अलिकतिमात्र बाँकी थियो ।



**बाँझेको नुनथलामा भएको हत्याको घटनास्थल**

त्यसपछि ती दुई जना माओवादी पनि अन्य दुई जना सैनिक लगिएको ठाउँतिर लागे । बाँकी दुई जना सैनिकमध्ये एक जनालाई ओखर ढाँडनेर रहेको ठूलो ढुङ्गाको फेदमा दुई जना माओवादीले पछाडि हात बाँधिएकै अवस्थामा बसाए र अर्को एक जना माओबादीले अर्को सैनिकलाई जुकेपानी तर्फ लग्यो । ओखरढाँडमा बसाएमा सैनिकलाई मसिनो रातो प्लाष्टिक र मसिनो रातो तथा कालो बेरिएको विजुलीको तारले हात पछाडि बाँधिएकै अवस्थामा बसाइएको सैनिकलाई २ जना माओवादी

मध्ये १ जनाले छुराले छातीमा प्रहार गऱ्यो । छुरा प्रहार गर्दा रगतको छिर्का आयो । उक्त छुरा प्रहार गरिएको ठाउबाट बटारेर मासुको चोक्टा निकालियो । त्यसपछि दुवै जना माओवादीले ठूलो ढुंङ्गामाथी चढी करिब २ देखि ५ किलो तौल भएका ४ वटा ढुंङ्गाले टाउकोमा प्रहार गरी हत्या गरे ।



**ओखरढाँडमा हत्या गरी घिसार्दै लगिएको स्थान**

हत्या पश्चात् घिसार्दै १०० मिटर ओरालो तर्फ लगी ओरालोमा रहेको ठूलो ढुङ्गाबाट खसाएर हिंडे ।



**हत्या पछि घिसार्दै लगि ढुंगा माथिबाट खसाईएको स्थान**

अर्को एक जनालाई ओखरढाँड देखि करिव १०० मिटर उत्तर तर्फ जुकेपानीको जंगल विचमा रहेको सानो चौरमा हत्या गरिएको थियो । उसको घाँटीको

अगाडीबाट रेटिएको, एकातर्फको आँखा र खुट्टामा छुरा प्रहार गरी मारिएको अवस्थामा देखेको कुरा एक प्रत्यक्षदर्शीले बताए । हत्यापछि माओवादिहरु उत्तरतर्फ लागेको समेत वताए ।



जुकेपानीको जंगलको सानो चौरमा हत्या गरिएको रगताम्य स्थल

**अध्ययन टोलीद्वारा घटनास्थलको अवलोकन**

अध्ययन टोली घटनास्थलमा पुगी जुकेपानीको घटनास्थल अवलोकन गर्दा हत्या गरिएको स्थल रगताम्य रहेको र घटनास्थल देखि करिव १० मिटर दक्षिण तर्फ रातो मसिनो प्लाष्टिकको डोरी फालिएको अवस्थामा देखियो ।



जुकेपानीमा हत्या गरिएको सेनालाई हात बाँध्न प्रयोग गरिएको डोरी

ओखरढाँडमा भएको घटना स्थलको अवलोकन गर्दा ठूलो ढुङ्गाको फेदमा रगताम्य रहेको पाईयो । घटनास्थलमा रातो र कालो बाटिएको मसिनो विजुलीको तार काटिएको अवस्थामा दुई ठाउँमा रहेको र रातो मसिनो प्लाष्टिकको डोरी रगताम्य भएको ठाउँदेखि ५ मिटर तल



ओखरढाँडमा गरिएको हत्याको घटनास्थल

पश्चिममा बाँधिएको गाँठो सहित रहेको डोरी काटेर फालीएको अवस्थामा रहेको थियो । हत्या गरिएको व्यक्तिलाई घटनास्थलबाट घिसार्दै १०० मिटर ओरालो तर्फ लगि ठूलो ढुङ्गाबाट खसाएको रगत सहितको डामहरु पाइयो । घिसार्दै लगेको ठाउँमा ढुङ्गा र माटो रगतले पोतिएको देखियो ।

बाँझेको नुनथलामा भएको हत्याको घटनास्थलको अवलोकन गर्दा उत्तर दक्षिण रहेको मुलबाटोमा नै घटनास्थल रहेको पाईयो । घटनास्थल रगताम्य रहेको थियो ।

उक्त रगताम्य रहेको ठाउँमा पछि सैनिकहरु आई बाबियो (वनकस) को लठारो जलाइएको प्रत्येक्षदर्शीले वताए । उत्तर छेउमा रगत सुकेको अवस्थामा थियो ।



**बाँझेको नुनथलाको घटनास्थल अवलोकन गर्दै अध्ययन टोली**

## घटनापछि सुरक्षाफौजको उपस्थिति र व्यवहार

हत्या भएको घटनाको भोलिपल्ट सुरक्षाफौजको विभिन्न समुहले जफे गाविस वडा नं. ७ डुडेमा दिपक नेपाली, नर बहादुर नेपाली, राम बहादुर पोखरेल, दिपक सार्की र नारायण पोखरेल लगायत ९ जना, सोही वडाको रैकर पधेरबारीमा कालीपोखरी प्रा.वि. का शिक्षक राजेन्द्र काफ्ले, उनको श्रीमती इन्दिरा काफ्ले र उनकै मिलमा काम गर्ने सुनिल राना मगर तथा राजु काफ्ले, त्यसै गरी ऐ. वडा नं. ८ मा नवराज काफ्ले, झूले गाविस पात्लेका शिक्षक उपेन्द्र के.सी., भक्त बहादुर सार्की, रमेश भुजेल, दिपक सार्की र काइलो दर्जी समेत १९ जनालाई कुटपिट गरेको पीडितहरुले अध्ययन टोलीलाई बताए ।
डुडेमा कुटपिट गर्ने सुरक्षाफौजले मुखमा रुमालले छोपेर कुटपिट गरेको पीडितले जानकारी दिए ।



घटनाको भोलिपल्ट पुगेको सुरक्षाफौजको कुटपिटबाट घाईते राजेन्द्र काफ्ले बायाँबाट दोश्रो

कुटपिटबाट पीडित व्यक्तिहरु मध्ये राजेन्द्र काफ्लेको चिउडोमा काटिएको घाउ र बायाँ खुट्टामा धेरै चोट रहेको तथा भक्त बहादुर सार्कीलाई हिड्न नसक्ने गरी कुटपीट गरेको पीडितले बताए ।

## सुरक्षाफौजको भनाई

शेरगण गुल्म चरिकोट दोलखाका प्रमुख सेनानी कर्मेन्द्र विक्रम लिम्बुका अनुसार शाहि नेपाली सेनाका अमलदार देव बहादुर थापा, प्यूठ धन प्रसाद आचार्य र सिपाहि कृष्ण बहादुर खड्का दोलखा जिल्लाको शहरे गाविस वडा नं. ४ किर्नेटारमा स्थापीत खिम्ती जलविद्युत केन्द्रको सुरक्षार्थ रहेको शेरगण गुल्मबाट चरिकोट दोलखामा मिति २०६१ चैत्र १३ गते रामेछापको खिम्तीबाट काठमाण्डौ जाने बसमा आउँदौ थिए । जफे गाविस वडा नं. ७ को डुडे मा बस आई पुगे पछि माओबादीले अपहरण गरी मारेछन् । उनीहरुको बचाउका लागि मानवअधिकारकर्मीसंग भनेका थियौं तर सो बेला नै माओबादीले मारिसकेका रहेछन् ।हाम्रा सैनिकहरु निशस्त्र थिए ।माओबादीले जेनेभा सन्धिको कुरा उठाउँछन् तर आफैले त्यसको पुर्ण रुपमा उल्लंघन गरेका छन् ।

## घटनाको सम्वन्धमा नागरिक समाजको भनाई

मिति २०६१ चैत्र १५ गते घटना अध्ययन टोली घटनास्थल तर्फ प्रस्थान गर्नु अघि दोलखा जिल्लाको नागरिक समाजसंग भेट गर्‍यो ।

भरत के.सी.
नेपाल बार एशोसिएसन, दोलखा
कुनै सुराकी तथा षडयन्त्र पनि नदेखिएको परिस्थितीमा आकस्मीक घटना भयो । माओवादीले जेनेभा सन्धिको कुरा आफ्नो पक्षमा प्रयोग हुँदा मात्र उठाउँछन ।

बाबुराम शर्मा
हिमालय टाइम्स, दोलखा

निःशस्त्र व्यक्तिहरुलाई अपहरण गरी तत्काल हत्या गरेकोमा हामीलाई आश्चर्य लागेको छ । उनीहरुले निःशस्त्र व्यक्तिहरुलाई अपहरण गरी छानविन नै नगरी हत्या गरेका हुन् । उनीहरुले छानविन गर्ने मौका समेत हामीलाई दिएनन् ।

## घटना अध्ययनका क्रममा भएका कठिनाइहरु

१) भौगोलिक विकटता
२) सरकार र माओवादी दुबैको डर त्रासका कारण स्थानीय बासिन्दाहरु घटना सम्बन्धमा बोल्न नचाहेकोले यथार्थ विवरण लिन कठिनाई भएको
३) मुभी क्यामेरा जस्ता आवश्यक सामाग्रीको अभाव
४) पीडकसँग संपर्कको हुन सकेन ।
५) सुरक्षा फौजद्वारा लास उठाइ सकिएकोले लासको वास्तविक अवस्था लिन नसकिएको ।

## उल्लङ्घन भएका मानवअधिकार र मानवीय कानुनका प्रावधान

१) लडाईमा नरहेका निशस्त्र व्यक्तिहरुको जीवन र शरिर उपर हिंसा लगायतका कार्य कुनै पछि पक्षले गर्न नपाउने सम्बन्धि जेनेभा महासन्धिको साझा धारा ३ को पुर्णरुपमा उल्लंघन ।
२) यूद्ध बन्दीहरुसंग गरिने व्यवहार सम्बन्धि जेनेभा महासन्धिको धारा ४ अनुसार मानवीय व्यवहार गर्नु पर्ने र धारा १३ बमोजिम आफ्नो हिरासतमा रहेको व्यक्तिको मृत्यू हुने कार्य गर्न प्रतिबन्ध गरिएको प्रावधानको उल्लंघन् ।
३) dfgj clwsf/sf] ljZjJofkL 3f]if0ff kq !($* sf] wf/f #, gful/s tyf /fhg}lts clwsf/ ;DaGwL cGt/fli6«{o k|lt1f kq !(^^ sf] wf/f ^ tyf g]kfn clw/fHosf] ;+ljwfg @)$& sf] wf/f !@ -!_ cGt{ut k|Tofe"t afFRg kfpFg] clwsf/sf] Jofks pNnª\3g ePsf] 5.